# सूचना !  सूचना ! !  सूचना ! !

**बबई सिंचाइ आयोजना बैदी, बर्दियाको नहरमा पानी संचालन सम्बन्धी सूचना :**

बबई सिंचाइ आयोजना बैदी, बर्दिया अर्न्तगत संचालित बबई पूर्वी तथा पश्चिमी नहरहरुमा यस वर्षको बर्षे वालीका लागि मिति २०८१ साल जेष्ठ १८ गते देखि पानी संचालन गर्ने काम भईरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रसारण गरिएको छ । नदीमा पानीको वहाव बढदै गएमा नहरहरुमा पनि पानीको वहाव बढदै जाने छ । नहरमा बालबच्चाहरुलाई पौडी खेल्न तथा पशु चौपायहरुलाई आहाल बस्नबाट रोकी संभावित धनजनको क्षतिबाट बच्न, बचाउन एवं नहर संरचनाको संरक्षण गर्नमा सहयोग गरिदिनु हुन सम्बन्धित स्थानिय तहहरु, जल उपभोक्ता समिति, सम्पूर्ण उपभोक्ता वर्ग, स्थानिय शैक्षिक संस्थाहरु एवं सरोकारवाला सबैमा अनुरोध छ । यो सूचनाको अवज्ञा गरी धनजनको क्षति हुन गएमा आयोजना जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

२०८१/२/१८

बबई सिंचाइ आयोजना
बैदी, बर्दिया

आयोजना निर्देशक

# सूचना !      सूचना !!      सूचना !!

**सूचना प्रकाशित मिति २०८१।०२।१८**

बबई सिंचाइ आयोजनाको पूर्वी तथा पश्चिमी नहर र यसका शाखा/प्रशाखा नहरहरु एवं नहर संरचना तथा नहरको स्वामित्व भित्र रहेको क्षेत्रहरुबाट अनाधिकृत रुपमा माटो झिक्ने, नहरको डिलमा मास, रहर लगाउने, गाई, भैँसी, भेडा, बाख्रा लगायतका घरपालुवा जनावरहरु चराउने, नहरमा पौडी खेल्ने, भैँसी आहाल बसाल्ने, माछा मार्ने, नहर संचालनका लागि राखिएका गेटहरु अनाधिकृत रुपमा खोल्ने बन्द गर्ने,पानी नियन्त्रण संरचना तोडफोड गर्ने, नहरको डिल काट्ने/मास्ने र नहर संचालन, रेखदेख तथा नहर मर्मत प्रयोजनका लागि निर्मित नहर सेवा सडक (Service road) मा उच्च भार वहन क्षमता भएका टिप्पर, ट्रयाक्टर जस्ता सवारी साधन ओहर दोहर गर्ने जस्ता अवाञ्छित काम कार्यवाही भएको भन्ने गुनासो विभिन्न श्रोतबाट जानकारी हुन आएकाले सो प्रकारका अवाञ्छित गतिविधि नगर्न/नगराउन यो सार्वजनिक सूचना जारी गरिएको छ । सिंचाइ प्रणाली भित्रका सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व सबैको हो । तसर्थ अवाञ्छित गतिविधि गरी नहर तथा संरचनामा असर पर्ने कार्य गरे/गराएको पाइएमा प्रचलित कानुन अनुसार कारवाही हुने व्यहोरा जानकारी गराइन्छ । साथै अवाञ्छित गतिविधिका कारण कोही कसैको जनधनको क्षति हुन गएमा आयोजना जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

बबई सिंचाइ आयोजना
बैदी, बर्दिया